# बौदीकाली गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
### डेढगाउँ, नवलपरासी (ब.सु.पू)

**नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/१०/२७

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र गण्डकी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९ को दफा ८ को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी बौदीकाली गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईन्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं./बोलपत्र नं. | बोपत्रको नाम | उत्खनन् परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | BRM/GOODS/01/2079/080 | छेराङ्ग कुना क्षेत्र | ७,५३४.२२ | २,६५८,०७३.६० | कबोल अंक को ५ % ले हुन आउने रकम ग्लोबल आई. एम. ई. बैंक बौदीकली शाखा २७१०४०१००००००१ | प्रत्येक ठेक्काको रु ३००० ग्लोबल आई. एम. ई. बैंक बौदीकली शाखा २७१०४०१००००००९ |
| २ | BRM/GOODS/02/2079/080 | सेरा घाट क्षेत्र | ४,१६५.६७ | १,४६९,६४७.२० | | |
| ३ | BRM/GOODS/03/2079/080 | सेरा पचासे दोभान क्षेत्र | ६,०३४.२२ | २,१२८,८७३.६० | | |

(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**

बौदीकाली गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

## शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा ग्लोबल आइ.एम.इ. बैंक शाखा कार्यालय डेढगाउँमा रहेको यस कार्यालयको खाता नं. २७१०४०१००००००९ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरि यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिनको कार्यालयको समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। साथै विद्युतीय माध्यबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइ.एम.इ. बैंकमा रहेको धरौटी खाता नं. २७१०४०१००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम पेश गर्नु पर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पाना सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३२ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रितपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण ब्यबसायी वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ। ब्यबसायी व्यक्तिको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५ औं दिन दिनको २ बजे बौदीकाली गाउँपालिका को कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोहि समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्वीकृत भएमा सम्झौता गर्न आउँदा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन साल २०८० असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

९. प्रचलित कानुन अनुसार कालो सूचीमा परेका र गाउँपालिका कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म तथा कम्पनीको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बौदीकाली गाउँपालिका कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ ।

११. कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारबाही गरिनेछ ।

१२. बोलपत्रदाताले ठेक्का सम्झौता पछि गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउन पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन ।

१३. राष्ट्रिय राजमार्ग र सहायकसडकमा ढाट तगारो राखी प्राकृतिक स्रोत कर संकलन गर्न पाइने छैन ।

१४. बोलपत्रदाताले राजस्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटि टाँस गर्नुपर्नेछ र राजस्व संकलन गर्न कर्मचारीलाई परिचयपत्र लगाईमात्र संकलन कार्य गराउनुपर्नेछ ।

१५. गाउँपालिकाबाट प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE), २०७९  मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैलेपनि नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाइने छैन ।

१६. यसरी घाटगद्दी नतोकिएको स्थानबाट संकलन/उत्खनन गरेको पाइएमा गाउँपालिका द्वारा तोकिएको जरिबाना गरिनुका साथै नदिजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

१७. ढुंगा, बालुवा, गिट्टी उत्खनन गर्दा नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड, २०७७ (संशोधन सहित)को पालना गर्नुपर्ने छ ।

१८. नदि किनारबाट भू-क्षय हुने गरि दिल, भिर, भित्तो खानी खोस्री गरि ढुंगा, बालुवा, ग्राबेल, गिट्टी, निकाल्न पाइने छैन ।

१९. नदि खोलाको घाट वा आकृति बिग्रने गरि नदि किनारमा प्राकृतिक तवरले रहेको ढुंगा तोड्न वा फोड्न पाइने छैन, साथै ढुंगा, बालुवा, ग्राबेल, गिट्टी भरणमा मेसिनको प्रयोग गर्दा स्वीकृत प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) ले तोकेको मापदण्ड अनुसार गाउँपालिकाको अनुमति लिएरमात्र घाटगद्दी स्थल तोकेर प्रयोग गर्न पाइने छ ।

२०. भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ, साथै ढुंगा, बालुवा, ग्राबेल, गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरि ढुवानी कार्य गर्न लगाउनु पर्नेछ। बोलपत्रदाताले घाट क्षेत्रमा फोहोरमैलाको उचित ब्यबस्थापन गर्नुपर्नेछ ।

२१. बोलपत्रदाताले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेल्मेट आदिको ब्यबस्था मिलाउन ढुवानी साधनलाई जानकारी गराउनु पर्नेछ ।

२२. बोलपत्रदाताले १/१ मैहिनामा संकलन तथा उत्खनन परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोहि समयमा कार्यालयबाट प्रमणित गरि लागेको प्रोयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ ।

२३. बोलपत्रदाताले नदिजन्य पदार्थ संकलन, उत्खनन हुने घाटगद्दी स्थल सम्बन्धिका खर्चहरु स्वयम् आफैले ब्यहोर्नु पर्नेछ ।

२४. बिहान सूर्योदय भन्दा आगाडी र साँझ सूर्यास्तभन्दा पछी ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन। यसरी नियम विपरीत गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।

२५. खोला र नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटि बोलपत्रदाता आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरि आफ्नै खर्चमा राख्नुपर्नेछ ।

२६. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेका निर्णय बाहेक यस बौदीकाली गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदि खोलाबाट नदिजन्य पदार्थ संकलन/उत्खनन गरे बापत गाउँपालिकाको प्राकृतिक स्रोत कर सबैले तिर्नु पर्नेछ । कसैले गाउँपालिकाको प्राकृतिक स्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारबाही गरिनेछ ।

२७. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

२८. प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) का प्रावधानहरुको ब्याख्या गर्ने अधिकार यस बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

२९. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम एबम प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE) बमोजिम हुनेछ ।

३०. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म, संस्थाले प्रारम्भिक वातावणीय परिक्षण प्रतिबेदन (IEE), गण्डकी प्रदेश सरकारको स्वीकृत आर्थिक ऐन, २०७९ नेपाल सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा ब्यबस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा संसोधन २०७९ बौदीकाली गाउँपालिका बातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा ब्यबस्था गर्न बनेको ऐन, २०७९ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसंग अध्ययन गर्नुहुन अनुरोध छ ।
(नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको Website www.baudikalimun.gov.np मा समेत हेर्न सकिनेछ ।)